नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रकाशीत विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ८१०८२
दर्ता मिति: २०८२।०५।०८

## सेवाप्रदायक मार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद गर्ने सम्बन्धी निर्देशिका, २०८२

प्रस्तावना: सेवाप्रदायक मार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद सम्बन्धमा आवश्यक व्यवस्था गर्न र एकरुपता कायम गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट नेपाल सरकारको स्वीकृतिमा यो निर्देशिका जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "सेवाप्रदायक मार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद गर्ने सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सार्वजनिक खरिद अनुगमन कार्यालय सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ।

(घ) "मर्मत" भन्नाले निर्माण सम्पन्न भएका सार्वजनिक पूर्वाधारको पुनर्निर्माण गर्ने, पार्टपूर्जा प्रतिस्थापन गर्ने जस्ता कार्य गरी पूर्ववत् अवस्थामा ल्याउने जस्ता कार्य सम्झनु पर्छ।

(ङ) "सञ्चालन एवं व्यवस्थापन" भन्नाले सार्वजनिक पूर्वाधारलाई चुस्तदुरुस्त राख्ने, सुचारु रूपले चलाउने कार्य वा त्यस्तो कार्यको समुचित प्रबन्ध सम्झनु पर्छ।

(च) "सार्वजनिक पूर्वाधार" भन्नाले दफा ३ बमोजिमको भौतिक संरचना सम्झनु पर्छ।

(छ) "सेवा खरिद" भन्नाले सार्वजनिक निकायले सार्वजनिक पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मत कार्यको लागि सेवाप्रदायक मार्फत सेवा प्राप्त गर्ने कार्य सम्झनु पर्छ ।

(ज) "सेवाप्रदायक" भन्नाले सार्वजनिक पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मत कार्य तथा सार्वजनिक निकायले तोकेका सेवा प्रदान गर्ने कार्यका लागि बोलपत्र स्वीकृत भएका फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ र सो शब्दले संयुक्त उपक्रमका साझेदारलाई समेत जनाउँछ।

३. सेवा खरिद गर्न सकिने: सार्वजनिक निकायले ठूला र जटिल प्राविधिक क्षमता आवश्यक पर्ने देहायका सार्वजनिक पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मत गर्ने उद्देश्यले सेवाप्रदायक मार्फत सेवा खरिद गर्न सक्नेछ:-

(क) द्रुतमार्ग, सुरुङ्ग मार्ग, भायाडक्ट, फलाईओभर जस्ता सडक पूर्वाधारहरु,



नेपाल सरकार
मन्त्रीपरिषद्
सिंहदरबार, काठमाडौं

(ख) प्राविधिक रुपमा जटिल प्रकृतिको बहुउद्देश्यीय सिँचाई, खानेपानी, जलविद्युत पूर्वाधारहरु,

(ग) विमानस्थल, केवलकार, भ्युटावर जस्ता पर्यटकीय महत्वको पूर्वाधारहरु,

(घ) रङ्गशाला, सभागृह जस्ता सार्वजनिक पूर्वाधारहरु,

(ङ) फोहोर व्यवस्थापन आयोजना, प्रशोधन केन्द्र,

(च) सार्वजनिक निकायले उपयुक्त ठानेका पूर्वाधार आयोजना।

४. खरिद विधि छनोट गर्नु पर्ने: सार्वजनिक निकायले सेवाप्रदायक मार्फत सेवा खरिद गर्दा देहायको कुनै एक विधि अपनाई खरिद गर्नु पर्नेछ :-

(क) अन्तर्राष्ट्रियस्तरमा खुला बोलपत्र आह्वान गरी,

(ख) राष्ट्रियस्तरमा खुला बोलपत्र आह्वान गरी ।

५. सर्भिस म्यानुअल तयार गर्नु पर्ने: (१) सार्वजनिक निकायले सेवाप्रदायक मार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मतको खरिद प्रक्रिया शुरु गर्नु अघि पूर्वाधार सञ्चालन गर्नुपर्ने अवधि, सेवाप्रदायकले सो अवधिमा दिनुपर्ने सेवाहरु र सेवाप्रदायक मार्फत उक्त पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मत गर्नु पर्ने औचित्य तथा अन्य आवश्यक विवरणहरु समावेश गरी सर्भिस म्यानुअल तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको सर्भिस म्यानुअलका प्रावधानहरुलाई सार्वजनिक निकायले सेवाप्रदायक मार्फत सेवा खरिद गर्दा प्रयोग गरिने बोलपत्र सम्बन्धी कागजातमा समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सर्भिस म्यानुअलको आधारमा कुनै आयोजनाको लागि सेवाप्रदायक मार्फत सार्वजनिक पूर्वाधारहरु सञ्चालन एवं व्यवस्थापन र मर्मत गर्न उपयुक्त देखिएमा उक्त कार्य गराउन देहायका निकायबाट निर्णय गराउनु पर्नेछ :-

(क) सङ्घीय आयोजनाको हकमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय,

(ख) प्रदेशस्तरका आयोजनाको हकमा प्रदेश मन्त्रिपरिषद्,

(ग) स्थानीय तहका आयोजनाको हकमा स्थानीय तहको कार्यपालिका,

(घ) ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (२), (३), (५), (६) र (७) बमोजिमका सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकाय।

६. लागत अनुमान तयार गर्नु पर्ने: सार्वजनिक निकायले सेवा खरिदको लागि लागत अनुमान तयार गर्दा सेवा खरिद अन्तर्गत गर्नुपर्ने कार्यहरु मध्ये कार्यप्रकृतिका आधारमा निर्माण कार्य, मालसामान, उपकरण तथा जनशक्ति लगायतका विषयमा वर्गीकरण गरी ऐन र नियमावलीको व्यवस्था बमोजिम तयार गर्नु पर्नेछ ।



नेपाल सरकार

७. <u>बोलपत्र कागजातमा विवरण खुलाउनु पर्ने:</u> (१) सार्वजनिक निकायले सेवाप्रदायकमार्फत सेवा खरिद गर्न बोलपत्र आव्हान गर्दा आयोजना सम्बन्धी जानकारीहरु, आवश्यकता अनुसार आयोजनाको सर्वेक्षण, डिजाइन, नक्सा, गुणस्तर सुनिश्चित गर्ने प्रावधानहरू, सेवाप्रदायकले पूरा गर्नुपर्ने उपलब्धि सूचकहरू, सार्वजनिक पूर्वाधारको सुरक्षा र आपतकालीन उद्धार सहितको विवरण विस्तृत रुपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणको अतिरिक्त मर्मत तथा सम्भार गर्नुपर्ने पूर्वाधारको हकमा आवश्यकता अनुसार मर्मत सम्बन्धी म्यानुअल, स्पेसिफिकेसन, निरीक्षण र मर्मत संभार कार्यतालिका समेतको विस्तृत विवरण दिनु पर्नेछ।

८. <u>योग्यताका आधार:</u> (१) सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा योग्यताका आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको विषय सुनिश्चित गर्नु पर्नेछ।

(२) उपदफा (१) को आधारमा विशेष अनुभव सम्बन्धी योग्यता निर्धारण गर्दा देहायका विषयहरु समावेश गर्नु पर्नेछः-

(क) एकल बोलपत्रदाताको हकमा विगत दश वर्षमा सेवाको लागत अनुमानको कम्तीमा साठी प्रतिशत रकम बराबरको समान प्रकृतिको कार्य गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने वा विगत दश वर्षमा सेवा प्रदान गर्नुपर्ने अवधिको कम्तीमा साठी प्रतिशत अवधि बराबरको समान प्रकृतिको पूर्वाधारमा सेवा प्रदान गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने,

(ख) खण्ड (क) बमोजिमको योग्यता पुगेको बोलपत्रदाताले विगत दश वर्षमा लागत अनुमानको कम्तीमा दश प्रतिशत रकम बराबरको कुनैपनि सार्वजनिक पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मत सम्बन्धी कार्य गरेको वा सोही रकम बराबरको सार्वजनिक निर्माण सम्बन्धी कार्य सम्पन्न गरेको वा सोही रकम बराबरको परामर्श सेवा सम्बन्धी कार्य सम्पन्न गरेको अनुभव प्राप्त गरेको साझेदारसँग संयुक्त उपक्रम सम्झौता गर्न सक्ने।

(३) उपदफा (१) को आधारमा प्रमुख गतिविधिको अनुभव निर्धारण गर्दा सेवा दिनुपर्ने पूर्वाधारको मुख्य-मुख्य प्राविधिक प्यारामिटरको कम्तीमा साठी प्रतिशत बराबरको परिमाण वा संख्याको समान प्रकृतिको कार्य गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने गरी निर्धारण गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम सेवाप्रदायकको योग्यता निर्धारण गर्दा सेवा सम्पादन गर्नको लागि आवश्यक मुख्य जनशक्तिको शैक्षिक योग्यता र अनुभवको विवरण लगायत उपकरण वा प्लान्टको विवरण माग गर्न सकिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निकायले अन्तर्राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गर्दा कार्यको प्रकृति अनुसार अन्तर्राष्ट्रिय बोलपत्रदाताले अनिवार्य रुपमा स्वदेशी बोलपत्रदातासँग संयुक्त उपक्रम गर्नुपर्ने प्रावधान र न्यूनतम शेयर प्रतिशत समेत तोक्नु पर्नेछ।

९. <u>मूल्याङ्कन र छनौट सम्बन्धी व्यवस्था</u>: बोलपत्रको मूल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता छनौट गर्नु पर्नेछ।

१०. <u>सेवा खरिद सम्झौता</u>: (१) सार्वजनिक निकायले सेवा खरिद गर्दा सेवाको कार्य प्रकृति अनुसार अनुसूची बमोजिमको सम्झौता मध्ये कुनै एक सम्झौता गरी खरिद गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौता गर्दा बढीमा पाँच वर्ष सम्मको लागि गर्न सकिनेछ ।

११. <u>सम्झौता अवधि बढाउन सक्ने</u>: दफा १० को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि काबु बाहिरको परिस्थितिको कारण वा सेवा अवधिको अन्त्यसम्ममा पनि आगामी अवधिको लागि सेवा प्रदायक नियुक्त हुन नसकेको अवस्थामा बोलपत्र स्वीकृत गर्ने अधिकारीले बढीमा एक वर्षसम्म खरिद सम्झौताको अवधि बढाउन सक्नेछ।

१२. <u>गुणस्तर सुनिश्चितता र नियन्त्रण</u>: सेवाप्रदायकले सञ्चालन एवं व्यवस्थापन र मर्मत सम्बन्धी कार्यको परीक्षण तथा नापजाँच गरी वा गराई बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएबमोजिमको सेवा स्तर र गुणस्तर कायम गर्नु पर्नेछ।

१३. <u>जोखिमको बाँडफाँट</u>: सेवाप्रदायकले सम्झौता अवधिमा सार्वजनिक पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मतसँग सम्बन्धित देहायबमोजिमका जोखिमहरूको जिम्मेवारी वहन गर्नुपर्नेछः-

(क) अपर्याप्त वा आवश्यक मर्मतसम्भार नगरेको कारण हुने क्षति,

(ख) सेवाप्रदायकका कर्मचारीबाट सञ्चालनको क्रममा हुने त्रुटि वा लापरवाहीका कारण पूर्वाधारको संरचना वा तेस्रो पक्षको सम्पत्ति वा वातावरणमा हुने क्षति,

(ग) स्वास्थ्य, सुरक्षा र वातावरण सम्बन्धी कानूनी व्यवस्थाको उल्लङ्घनका कारण हुने क्षति,

(घ) सामग्री, उपकरण, रसायनको अनुचित भण्डारण, ह्यान्डलिङ वा प्रयोगका कारण हुने क्षति,

(ङ) प्रचलित कानूनको अवज्ञाबाट बेहोर्नु पर्ने आर्थिक जरिबाना वा दायित्व।

१४. <u>बीमा गर्नुपर्ने</u>: (१) खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक सेवाप्रदायकले खरिद सम्झौता अवधिभरको लागि पूर्वाधारको सञ्चालन एवं व्यवस्थापन र मर्मत कार्यमा संलग्न सेवाप्रदायक र सार्वजनिक



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

निकायको सम्पूर्ण जनशक्ति, मेशिन, औजार, उपकरणको जडान तथा प्रतिस्थापनको लागि लाग्ने रकम बराबरको बीमा गराउनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेख भएको बाहेक सार्वजनिक निकायले सेवाप्रदायकमार्फत आवश्यकता अनुसार देहायबमोजिमको बीमा गराउन सक्नेछः-

(क) पूर्व निर्मित पूर्वाधार संरचना, निर्माण वा मर्मत कार्य तथा प्रयोग भईरहेका मेशिन, औजार, उपकरणको मर्मत तथा प्रतिस्थापनको लागि लाग्ने पर्याप्त रकम बराबरको बीमा,

(ख) सेवाको सिलसिलामा कुनै सम्पतिमा भएको हानि नोक्सानीको बीमा, वा

(ग) सम्भावित दुर्घटनाबाट हुनसक्ने तेश्रो-पक्षको क्षतिको बीमा।

१५. <u>भुक्तानीको व्यवस्था:</u> (१) सार्वजनिक निकायले सम्झौताका शर्त बमोजिम सेवाप्रदायकलाई भुक्तानी गर्नु पर्नेछ ।

(२) सार्वजनिक निकायले सेवाप्रदायकलाई भुक्तानी दिंदा नेपाली मुद्रामा भुक्तानी हुने व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले अन्तर्राष्ट्रिय स्तरको बोलपत्रका लागि विदेशी मुद्रामा समेत भुक्तानी गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

१६. <u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था:</u> (१) सेवाप्रदायकले खरिद सम्झौतामा तोकिएको सेवा स्तर बमोजिमको सेवा प्रदान गर्न नसकेमा सार्वजनिक निकायले सेवाप्रदायकबाट क्षतिपूर्ति भराउने व्यवस्था बोलपत्र कागजातमा उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भराइने क्षतिपूर्तिको अधिकतम रकम खरिद सम्झौता रकमको दश प्रतिशत भन्दा बढी हुने छैन।

अनुसूची

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## सेवा खरिद सम्झौता

सार्वजनिक निकायले कुनै सेवा खरिद गर्नका लागि देहायको सम्झौता मध्ये कुनै एक सम्झौता गर्न सक्नेछ:–

(क) एकाई दर सम्झौता: सेवा कार्यको परिमाण सम्झौता हुँदाका बखत यकिन नभएको वा निर्माण कार्य, मालसामान खरिद, जनशक्ति परिचालन, मर्मत, लगायतका कार्यहरुका सम्बन्धमा प्रति एकाई कार्य बिल अफ क्वान्टिटीमा उल्लिखित दरमा गराउने व्यवस्था गर्न एकाई दर सम्झौता गर्न सकिनेछ। यस्तो एकाई दरमा सेवाप्रदायकले प्रस्तावित सेवा सम्पादन गर्न आवश्यक पर्ने निर्माण सामग्री, मालसमान, उपकरण, श्रम, तालिम, जनशक्ति परिचालन खर्च जस्ता कुरा समावेश गर्नु पर्नेछ।

सार्वजनिक निकायले सम्झौता बमोजिम भुक्तानी गर्दा सम्पादित कार्यको नाप जाँच र सेवा सञ्चालनका कार्यहरूको अभिलेखबाट यकिन गरिएका कार्यका परिमाणलाई प्रति एकाई दरले गणना गरी हुन आउने रकम भुक्तानी गर्नु पर्नेछ।

(ख) एकमुष्ट रकम सम्झौता: नाप जाँच गर्न कठिन हुने सेवा कार्य वा सेवा सम्पादनको स्तर/दायरा स्पष्ट भएको सेवा खरिद कार्यमा एकमुष्ट रकम सम्झौता गर्न सकिनेछ। यो सम्झौता गर्दा सेवा सम्बन्धी सबै प्रकारका जोखिम र दायित्व सेवाप्रदायकमा रहने गरी गर्नु पर्नेछ ।

तर सम्झौता भई कार्य सुरु भएपछि सार्वजनिक निकायले सेवामा कुनै किसिमको परिवर्तन गर्न आदेश दिएको कारणले सेवाप्रदायकको आर्थिक दायित्व वृद्धि भएमा त्यस्तो दायित्व सार्वजनिक निकायले व्यहोर्नु पर्नेछ।